# मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर :


**गाईभैंसी प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**
**प्रथम पटक प्रकाशित मितिः२०८२/०८।२८**

आ.व २०८२/८३ मा यस मालारानी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र नेपाल सरकार-सशर्त अनुदान कार्यक्रम अनुसार तपसिलको कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८२/०९/१९) भित्र यस कार्यालयमा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीको लागि मालारानी गाउँपालिकाको पशु विकास शाखामा सम्पर्क गर्न सकिनेछ । रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.स | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरु | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | गाईभैसी प्रवर्द्धन कार्यक्रम | • फर्म/कम्पनी/कृषकसमूह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन हुने ।<br>• फर्म/समुह/सहकारी/कम्पनी/प्रति कृषकले कम्तिमा ३ वटा माउ गाई/भैसी पालन गरेको हुनु पर्ने।<br>• पशुहरुको बीमा गर्ने अभ्यास भएकाफर्म/कम्पनी/कृषकसमूह/सहकारी संस्थालाई प्राथमिकता दिईनेछ। | -गोठ निर्माण/ तथा मलमुत्र व्यवस्थापन<br>-चरन खर्क वा आहार व्यवस्थापन<br>-औषधी उपचार,परजिवी नियन्त्रण<br>-स्थानीय स्तरमा दुध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री<br>-नश्लसुधार | -पूर्वाधार निर्माण तथा औजार उपकरण खरिदमा ५० प्रतिशत<br>-उत्पादन सामाग्री (पशु नश्लसुधारमा ५० प्रतिशत)<br>- फर्म/ उद्यमी बढीमा अधिकतम रु. १ (एक लाख)<br>-समुह /सहकारीको हकमा अधिकतम रु. ३(तिन लाख) |

संलग्न गर्नु पर्ने कागजातहरुः
१.प्रस्तावकको निवेदन ।
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
३.दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/कम्पनी/सहकारी)
४.स्थायी लेखा नं प्रमाणपत्र तथा हालको आर्थिक बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/ कम्पनी/सहकारी)
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव ।
६. सम्बन्धित वडाको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा) ।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार सम्झौता कम्तिमा ५ बर्षको) ।
१०.गत आ.व मा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनको लागि अनुदान प्राप्त गरेको वा नगरेको स्व-घोषणा पत्र।

२०८२/०८/२८
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत